# चौरीदेउराली गाउँपालिका
# Chaurideurali Rural Municipality

ढाँडखर्क, काभ्रेपलाञ्चोक

3 No. Province, Nepal

पत्र संख्या (letter No.) :- ०७६/७७

चलानी नं. (Ref. No.) :- २०७

मिति(Date):- २०७६/०८/२८

## विषयः बेरोजगार दर्ता फाराम पूर्ण गर्ने सम्बन्धमा।

श्री वडा कार्यालयहरु सबै।
चौरीदेउराली गाँउपालिका
काभ्रेपलाञ्चोक।

प्रस्तुत विषयमा रोजगारीको हक सम्बन्धी ऐन, २०७५ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम २०७६ वैशाख महिनामा बेरोजगार सूचिमा सूचिकृत हुन चाहने ईच्छुक बेरोजगार व्यक्तिहरुले बेरोजगार दर्ताको लागि निवेदन दिएको विषय यहाँहरुलाई अवगत नै छ। उक्त बेरोजगार व्यक्तिहरुको विवरण यसै वर्ष देखि रोजगार व्यवस्थापन सूचना प्रणाली (**EMIS**) मा प्रविष्ट गरि आ.व. २०७६/७७ मा सञ्चालन गरिने रोजगार आयोजनाहरुमा सोहि प्रणाली बाट बेरोजगार व्यक्तिहरु छनौट गर्ने नेपाल सरकारको उद्देश्य रहेको छ। तर यस गाँउपालिकाको रोजगार सेवा केन्द्रमा परेका सबै बेरोजगार दर्ता फारामहरु अपूर्ण भएको र बेरोजगार दर्ता फारामको पूर्ण विवरण नभई **EMIS Software** मा बेरोजगार व्यक्तिको विवरण प्रविष्ट गर्न सम्भव नभएकोले, तपशील बमोजिमका अपुग विवरण तथा कागजातहरु मिति २०७६ मंसिर १२ गते भित्र सम्पूर्ण बेरोजगार फाराम भरेका व्यक्तिहरुले यस गाँउपालिकाको रोजगार सेवा केन्द्रमा उपलब्ध गरिदिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिन्छ।

<u>तपशीलः</u> संलग्न गर्नुपर्ने आवश्यक कागजारहरु

१) निवेदकको पारिवारिक विवरणः परिवारका सम्पूर्ण सदस्यहरुको नागरिकताको फोटोकपी
२) काम गर्न चाहेको क्षेत्र र कामको अनुभव सम्बन्धी विवरण
३) काम गर्न चाहेको सम्भावित समय
४) बैङ्क खाताको विवरण (उपलब्ध भएमा)।

**<u>पुनश्चः</u> माथि उल्लेखित समयअवधि भित्र अपुग कागजात तथा विवरणहरु रोजगार सेवा केन्द्रमा उपलब्ध गर्न नसकेको खण्डमा बेरोजगार दर्ता फारामहरु स्वतः रद्द हुने र सोको जिम्मेवारी स्वंम निवेदक हुने व्यहोराको जानकारी गराईन्छ। सम्पूर्ण परिवारको विवरण, परिवारको कुनै एक सदस्यले रोजगार सेवा केन्द्रमा आई उपलब्ध गराउन सक्नेछ।**

चेतन गुरुङ
रोजगार संयोजक
चौरीदेउराली गाँउपालिका
रोजगार संयोजक